नेपाल सरकार
शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर

**२०७४/५/३ गते आयोगबाट सञ्चालन हुने परीक्षा सम्बन्धी परीक्षार्थी तथा जिल्ला शिक्षा कार्यालयहरुलाई अत्यन्त जरुरी सूचना**

१. यस आयोगको मिति २०७३/१२/१९ गतेको गोरखापत्रमा प्रकाशित विज्ञापन बमोजिम लिखित परीक्षामा सहभागी हुन पाउने उम्मेदवारहरुको परिमार्जित तथा संशोधित नामावली ( क्षेत्रगत/जिल्लागत/विज्ञापनगत/ विषयगत विवरण) आयोगको वेवसाइट www.tsc.gov.np मा मिति २०७४/०४/०४ मा प्रकाशित गरिएको छ ।

२. उम्मेदवारहरुले वेवसाइटमा प्रकाशित आफ्नो नाम, परीक्षा दिन पाउने तह, विज्ञापन, विषय र रोल नं. सँग आफ्नो आफ्नो प्रवेशपत्रको विवरण भिडाउनु पर्नेछ । कारणवस विवरण फरक परेमा उम्मेदवारहरुले सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा सम्पर्क गरी नयाँ प्रवेशपत्र लिनुपर्नेछ ।

३. नयाँ प्रवेश पत्र प्राप्त गर्न दरखास्त फाराम भरेको जिल्ला शिक्षा कार्यालयमा गइ पुरानो प्रवेशपत्र साथमा लगि दरखास्त फारामको प्रवेशपत्र प्रयोजनका लागि वनाइएको एक पाना फाराम भरी दुई प्रति फोटो टाँसी जिल्ला शिक्षा कार्यालयबाट नयाँ प्रवेश पत्र लिनु पर्नेछ, । नयाँ प्रवेशपत्र मिति २०७४/०४/१५ गते भित्र सम्बन्धित जिल्ला शिक्षा कार्यालयवाट वितरण गरिनेछ ।

४. अदालतको आदेश बमोजिम परीक्षामा सहभागी हुन पाउने गरी फाराम भरेका उम्मेदवारहरुको नामावली आयोगको वेवसाइटमा प्रकाशन भएको तर प्रवेशपत्र नपाएका उम्मेदवारहरुले सम्बन्धित परीक्षा केन्द्रहरुबाट २०७४ भाद्र १ र २ गते प्रवेशपत्र लिनुपर्नेछ । प्रवेशपत्र लिन आउँदा आफुलाई चिनाउने परिचयपत्र साथमा लिएर आउनुपर्नेछ ।

५. प्रकाशित सूचीमा कुनै उम्मेदवारको विवरण फरक परेमा आयोगको अभिलेखबाट सच्याइनेछ ।

६. **प्रवेशपत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सहभागी गराइने छैन ।**

७. सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरुले यसै सूचनाको आधारमा नयाँ प्रवेशपत्र वितरण गर्नु/गराउनु हुन अनुरोध छ ।



(हेमराज पोखरेल)
**उपसचिव**